बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ४ मितिः २०८३/०१/१५


## भाग - २

## बान्नीगढी जयगढ गाउँपालिका

# बान्नीगढी जयगढ गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधी, २०८३


**कार्यपालिकाबाट स्वीकृति मितिः- २०८३/०१/१५**

**राजपत्रमा प्रकाशित मितिः-२०८३/०१/२१**


प्रस्तावना : बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै गाउँपालिका बासीहरुमा पुर्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना दर्ता तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बान्नीगढी जयगढ गाउँ कार्यपालिकाले यो संशोधन कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम [€]" खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

२. परिभाषा र व्याख्या : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यविधि" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३ लाई सम्झनु पर्छ।

(ख) "उपभोक्ता" भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय बमोजिम धाराबाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ।

(ग) "कार्यपालिका" भन्नाले बान्नीगढी जयगढ गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले बान्नीगढी जयगढ गाउँपालिका सम्झनु पर्छ।

(ङ) "अध्यक्ष" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(च) "उपाध्यक्ष" भन्नाले बान्नीगढी जयगढगाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "खानेपानी व्यवस्थापन समिति" भन्नाले गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्न, महसुल निर्धारण गर्न खानेपानी आयोजना व्यवस्थापन गर्न निरीक्षण गर्न अवलोकन तथा मर्मत सम्भार व्यवस्थापनमा

---

€ पहिलो संशोधनद्वारा संशोधन गरिएको ।

नेतृत्वदायी भुमिका निर्वाहका लागि गाउँपालिका अन्तर्गत गठन गरिने खानेपानी व्यवस्थापन समिति लाई जनाउँछ।

(झ) “खानेपानी” भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनुपर्छ।

(ञ) “धारा” भन्नाले खानेपानीको उपभोग गर्नको निमित्त गाउँपालिकाले कुनै व्यक्ति, संस्था वा निकायका नाममा जडान गरिदिएको धारा सम्झनु पर्छ ।

(ट) “महसुल” भन्नाले धाराको सुविधा उपभोग गरे वापत उपभोक्ताले उक्त खानेपानी संस्थालाई यस कार्यविधि बमोजिम बुझाउनु पर्ने खानेपानी सेवा महसुल सम्झनु पर्छ।

(ठ) “मिटर” भन्नाले खानेपानीको खपतको परिमाण नाप्ने उद्देश्यले उपभोक्ताको पाइप लाइनमा जडान गरिने पानी मिटर लाई सम्झनु पर्छ।

(ड) “खानेपानी उपभोक्ता समिति” भन्नाले विधान अनुसार गठन भई यस कार्यविधिको दफा ७ बमोजिम गठित भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्झनु पर्छ।

(ढ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ण) “मर्मत सम्भार कर्मचारी” भन्नाले खानेपानी आयोजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालिम प्राप्त हेरालु तथा मर्मत संभार कर्मचारीलाई जनाउँछ।

(त) “तालिम” भन्नाले यस कार्यविधिको दफा ७ अनुसार दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति र मर्मत संभार कर्मचारीलाई छुट्टाछुट्टै गरी तिन चरणमा क्षमता अभिवृद्धिका लागी दिइने तालिमलाई जनाउँछ।

(थ) “दर्ता भएको” भन्नाले यस गाउँपालिकाको कार्यालयमा दर्ता भएको समिति/संस्था लाई जनाउँछ।

## परिच्छेद-२

## खानेपानी व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. खानेपानी व्यवस्थापन समिति गठन सम्बन्धि व्यवस्था : गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन, मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता, महसुल निर्धारण गर्नमा एकरुपता कायम गर्न, खानेपानी आयोजना व्यवस्थापन गर्न, निरीक्षण गर्न, अवलोकन गर्न, सरकारी तथा अन्य गैरसरकारी निकायबाट निर्माण गरिएका खानेपानी आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्न तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाह गर्न देहाय बमोजिमको गाउँपालिका स्तरीय खानेपानी व्यवस्थापन समिति गठन हुनेछः

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष | - संयोजक |
| (ख) | गाउँपालिकाको उपाध्यक्ष | - सदस्य |
| (ग) | वन, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | - सदस्य |
| (घ) | सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| (ङ) | कार्यपालिका सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना | - सदस्य |
| (च) | पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| (छ) | खानेपानी तथा सरसफाई उपशाखा प्रमुख | - सदस्य |
| (ज) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

४. खानेपानी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : गाउँपालिका क्षेत्रमा खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्न, महसुल निर्धारण गर्नमा एकरुपता कायम गर्न, खानेपानी आयोजना व्यवस्थापन गर्न, निरिक्षण गर्न, अवलोकन गर्न, गाउँपालिका स्तरिय खानेपानी व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः

(क) खानेपानी शाखालाई व्यवस्थित रुपमा परिचालन गर्ने,

(ख) गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थापन सुचना प्रणाली स्थापना गरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धी सुचना तथा तथ्याङ्क व्यवस्थापन गरी अद्यावधिक गर्ने,

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन वा पुनर्गठन गर्ने/गराउने,

(घ) अनुगमन तथा मूल्याङ्गन पद्धति स्थापना गरी आवधिक रुपमा खानेपानी तथा सरसफाई आयोजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) गाउँपालिका स्तरमा सञ्चालन तथा मर्मत सम्भार कोष स्थापना गरी कोष बृद्धि गराउन सम्बन्धित सरोकारवाला हरुलाई प्रोत्साहित गर्न लगाउने,

(च) आयोजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको अवस्थाको आधारमा उपभोक्ता समितिलाई पुरस्कार तथा दण्डको पद्धति स्थापना गरी कार्यान्वयनमा ल्याउने,

(छ) खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोग अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य तोक्ने र सोको अनुगमनगर्ने,

(ज) आयोजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धि वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्ने,

(झ) खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्ने,

(ञ) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि वा पछि गाउँपालिका आफैले प्रदेश वा संघ सरकारले तथा गैरसरकारी संघ/संस्थाले निर्माण गरेका आयोजनाहरु सम्पन्न भएपश्चात सम्बन्धित लाभग्राहीबाट समिति / संस्था गठन र दर्ता गरे पश्चात नियामानुसार सम्बन्धित समिति / संस्थालाई हस्तान्तरण गर्ने।

## परिच्छेद-३

## खानेपानी मूल दर्ता तथा उपभोक्ता समिति दर्ता सम्बन्धि व्यवस्था

५. मूल दर्ता गर्नुपर्ने : गाउँपालिका क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी कम्तिमा ४० देखि ५० घरधुरी सम्मलाई खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मुल अनिवार्य रुपमा दर्ता गर्नु पर्नेछ। खानेपानी उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्य

श्रोत मुहान (मुल) दर्ता गर्नका लागि गाउँपालिका समक्ष निवेदन पेश गर्नु पर्नेछ । माग भए पछि गाउँपालिका स्तरीय खानेपानी व्यवस्थापन समितिले स्थलगत अध्ययन सहित छानविन गरी मूल दर्ता गर्न मिल्ने अवस्था देखिएमा मूल दर्ता अनुमति दिन सक्नेछ।

६. उपभोक्ता समिति/संस्था दर्ता गर्नु पर्ने : (१) स्थानीय स्तरमा तथा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि गाउँपालिकास्तरीय तथा वडा स्तरीय रु पाँच लाख भन्दा कम लागत भएका आयोजनाहरुको हकमा तथा पुराना खानेपानी आयोजना हरुको मर्मत गर्दा समिति दर्ता अनिवार्य हुने छैन।

(३) उपदफा (१) बमोजिम समिति दर्ता गर्न चाहने कुनै समिति वा संस्थाले कम्तीमा सात जना वा बढीमा एघार जना समितिका व्यक्तिहरुले देहायको विवरण खुलाई समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका अध्यक्ष समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछः

(क) समितिको नाम,

(ख) उद्देश्यहरु,

(ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा, नागरिकताको प्रतिलिपि र पासपोर्ट साईजको फोटो,

(घ) कार्यालयको ठेगाना,

(ङ) समिति सञ्चालनको विधि र प्रक्रिया।

७. दरखास्त उपर जाँचबुझ र दर्ता : (१) दफा ६ को उपदफा (३) बमोजिम दरखास्त प्राप्त भएपछि दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा खानेपानी व्यवस्थापन समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न खानेपानी व्यवस्थापन समितिले सम्बन्धित दरखास्तवालाई मुनासिब माफिकको म्याद राखी दरखास्त दर्ता भएको मितिले पन्ध्र दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सम्पूर्ण प्रक्रिया पुरा भएपछि उपभोक्ता समिति दर्ता गरी अनुसूचि-२ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको समयावधि प्रत्येक आर्थिक वर्षको असार मसान्त सम्म मात्र हुनेछ । संस्थाको समय अवधी समाप्त भएमा अनिवार्य रुपमा नविकरण गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम संस्थाको समय अवधी समाप्त भएको मितिले बढिमा नब्बे दिन भित्र अनिवार्य रुपमा संस्था नविकरण गर्नुपर्नेछ। उक्त अवधिभित्र नविकरण गर्न नआएमा अनुसूची-२ मा उल्लेख भए अनुसार जरिवाना लाग्नेछ।

८. <u>समिति संगठित मानिने</u> : (१) दफा ७ को उपदफा (३) बमोजिम दर्ता भएको समिति स्वशासित एंव संगठित र अविछिन्न उत्तराधिकारवाला समिति हुनेछ। सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) समितिले व्याक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्नेछ।

९. <u>दर्ता तथा नवीकरण शुल्क</u> : (१) यो कार्यविधि लागू हुँदाको बखत खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता शुल्क रु. १,५००।०० (अक्षरुपी एक हजार पाँच सय मात्र) र नवीकरण शुल्क प्रतिवर्ष रु. १,०००।०० (अक्षरुपी एक हजार मात्र) हुनेछ । साविकका सरकारी निकायमा दर्ता भएका समितिको हकमा कार्यविधि लागू भएको तीन महिना भित्र नवीकरण गरिसक्नुपर्नेछ, अन्यथा अनुसूची-२ मा उल्लेख भए अनुसार जरिवाना लाग्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता शुल्क र नवीकरण शुल्क गाउँपालिकाको आर्थिक ऐनमा संशोधन वा हेरफेर भएमा सोही बमोजिम हुनेछ ।

१०. <u>तदर्थ समिति गठन गर्न सकिने</u> : दफा ७ को उपदफा (३) बमोजिम दर्ता भई म्याद सकिएका उपभोक्ता समितिहरुले छ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा, समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणबस समिति विघटन भएमा अथवा खानेपानी उपभोक्ता समितिले आफुले बनाएको विधान अनुसार काम नगरेमा र आयोजना भताभुङ्ग बनाएमा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरुमध्ये बाट तदर्थ समिति गठन गरी उक्त समितिलाई निर्धारित समय भित्र साधारण सभा र निर्वाचन समेतका आवश्यक प्रकृया र कारवाही गर्न गराउन जिम्मेवारी दिन सक्नेछ ।

११. <u>यस अघि दर्ता भई वा नभई स्थापना भएका समिति दर्ता गर्ने</u> : यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना/सञ्चालन भईरहेका

समिति/संस्थाले यो कार्यविधि लागु भएको मितिले छ महिना भित्र यो कार्यविधि बमोजिम सूचिकृत गराउनु पर्नेछ । सूचिकृत हुनका लागी गत आर्थिक वर्ष सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४

## उपभोक्ता समितिको विधान सम्बन्धि व्यवस्था

१२. उपभोक्ता समितिको विधान : दफा ६ बमोजिम दर्ता हुन चाहने खानेपानी तथा सरसफाई उपभोक्ता समितिले अनिवार्य रुपमा देहायका विवरण सहित विधानको एक प्रति पेश गर्नु पर्नेछः

(क) पूरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन तथा राजिनामा,

(ङ) हक दाबी, नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन, (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी)

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरीक्षण,

(ट) महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी,

(ठ) दण्ड जरिवाना सम्बन्धी,

(ड) संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी तालिम,

(ढ) विधान संशोधन,

(ण) विघटन,

(त) विविध ।

१३. <u>विधान संशोधन</u> : उपभोक्ता समिति अथवा संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधान संसोधनको प्रकृया पुरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा खानेपानी व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ र खानेपानी व्यवस्थापन समितिले तत्सम्बन्धी आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद-५

## खानेपानी धारा निर्माण तथा महसुल निर्धारण सम्बन्धि व्यवस्था

१४. <u>धारा निर्माण तथा महसुल निर्धारण सम्बन्धि व्यवस्था</u> : (१) खानेपानी आयोजना निर्माण गर्दा सकेसम्म एक घर एक धाराको अवधारणा अनुसार काम गर्नुपर्नेछ र सोहि अवधारणा अनुसार धारा जडान गर्दा निजी धारा वितरणमा लाग्ने फिटिङ्ग (फेरुल, पानी मिटर र स्याडल आदी) लगायतका फिटिङ्ग अनिवार्य रुपमा जडान गर्नुपर्नेछ। उक्त खानेपानी धारा निर्माण गर्दा खानेपानी उपभोक्ता समिति आफुले गरेको निर्णय अनुसार आफ्ना उपभोक्ताहरुलाई प्रत्येक घरधुरीमा धाराको साइजको न्युनतम मापदण्ड तोकी सोहि साइज नघट्ने गरी धारा बनाउन लगाउनु पर्दछ। सोही तोकिएको धाराको साइजको न्युनतम मापदण्ड नक्सा गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ ।

(२) खानेपानी उपभोक्ता समितिले खानेपानी आयोजना सम्पन्न गरे लगतै खानेपानी महसुल निर्धारण गर्नुपर्नेछ । उक्त महसुल निर्धारण गर्नुपूर्व अनिवार्य रुपमा गाउँपालिका स्तरीय खानेपानी व्यवस्थापन समतिको परामर्श लिनुपर्नेछ । समितिले दिएको परामर्श तथा निर्देशन पालना गर्नु उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

(३) मिटर प्रविधि सहित एक घर एक धारा खानेपानी संञ्चालनका लागी धारा निर्माण तथा संञ्चालनमा उपभोक्ताको अपनत्वको भावना विकास गर्न तथा आयोजनाको दिगोपना गर्ने उद्देश्यले खानेपानी उपभोक्ता समितिले सम्बन्धित लाभग्राहीबाट खानेपानी धारा निर्माणका लागी गाउँपालिका स्तरीय खानेपानी व्यवस्थापन समितिको परामर्शमा समितिको निर्णय बमोजिम शुल्क लिन सक्नेछ। समयावधि भित्र तोकिएको शुल्क नतिर्ने उपभोक्तालाई खानेपानी आपुर्ति गर्ने/ नगर्ने सम्बन्धमा खानेपानी व्यवस्थापन समितिको परामर्शमा उपभोक्ता समितिको निर्णय बमोजिम हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भएतापनी गाउँपालिका आफैले निर्माण गर्ने बृहत खालका खानेपानी आयोजना अन्तर्गतका धारा निर्माण गर्दा उपभोक्ताको अपनत्वको

भावना विकास गर्न प्रतिधारा अधिकतम € तीन हजार पाँच सय रुपैया सम्म शुल्क लिन सक्नेछ ।

(५) € उपदफा (४) बमोजिमको आयोजनाहरुमा मिटर जडित खानेपानी प्रयोग गरे बाफत खपत युनिटका आधारमा मासिक खानेपानी महशुल देहाय बमोजिमको हुनेछः

| क्र.स. | खानेपानी खपत युनिट (मासिक) | महशुल रकम | कैफियत |
|---|---|---|---|
| १ | ५ युनिट सम्म | न्यूनतम रु. १०० | |
| २ | ५ युनिट देखि २० युनिट सम्म | प्रति युनिट रु. ३५ | |
| ३ | २० युनिट देखि ५० युनिट सम्म | प्रति युनिट रु. ४५ | |
| ४ | ५० युनिट देखि १०० युनिट सम्म | प्रति युनिट रु. ६५ | |

(६) उपदफा (५) मा जुनसुकै कुरा उल्लेख भएतापनि गाउँपालिकामा दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिले समितिको निर्णय अनुसार उपदफा (५) मा बमोजिमको महसुल भन्दा नबढने गरी आफ्नो छुट्टै महसुल निर्धारण गर्नमा बाधा पर्ने छैन ।

(७) उपदफा (५) वा उपदफा (६) बमोजिमको खानेपानी महशुल मासिक रुपमा बुझाउनु पर्नेछ । € खानेपानीको महशुल उठाउने तथा मिटर रिडिङ्ग गर्ने कर्मचारीको व्यवस्था सम्बन्धित खानेपानी उपभोक्ता समिति गर्नुपर्नेछ ।

१५. उपभोक्ता समितिले सेवा शुल्क तथा महशुल निर्धारण गर्न सक्ने : (१) बान्नीगढी जयगढ गाउँपालिका भित्र संघ, प्रदेश र स्थानिय तहले निर्माण गरेका सम्पूर्ण योजनाहरुमा जलस्रोत उपयोग गरे वापतको सेवा शुल्क, दररेट निर्धारण गर्दा उपभोक्ताले तिर्नुपर्ने अतिरिक्त सेवा शुल्क, महशुल तथा अन्य विविध शुल्क निर्धारण गर्दा खानेपानी व्यवस्थापन समितिको पूर्व सहमति लिई गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क खानेपानी व्यवस्थापन समितिको सल्लाह सुझाव र निर्देशनमा गर्नुपर्नेछ ।

€ पहिलो संशोधनद्वारा संशोधन गरिएको ।

€ पहिलो संशोधनद्वारा संशोधन गरिएको

(३) उपभोक्ता समितिले उपदफा (१) बमोजिम उठने रकमको संचालनका लागि व्यवसायिक कार्ययोजना बनाई समितिबाट पारित गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम व्यवसायिक कार्ययोजना बनाउँदा योजना संचालन खर्च बाहेकको सम्पूर्ण रकम अनिवार्य रुपमा मर्मत सम्भार कोष बनाइ बैंक दाखिला गर्ने व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेद-६
## विविध

१६. ¥ कर्मचारी व्यवस्थापन सम्बन्धी : (१) गाउँपालिकाबाट निर्माण गरिएका वा सञ्चालनमा ल्याइएका खानेपानी आयोजना निर्माण सम्पन्न भए पश्चात नियमित सञ्चालन, मर्मत सम्भार, तथा दिगोपनाका लागि गठन भएको/गठन हुने सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता समिति स्वयमले नै कर्मचारीको व्यवस्थापन गर्नुपर्नेछ ।

(२) ¥ उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोजनाको निर्माण वा प्रारम्भिक सञ्चालनको क्रममा गाउँपालिकाबाट अस्थायी रूपमा करारमा जनशक्ति व्यवस्थापन गरिएको भएमा उक्त जनशक्तिलाई सम्बन्धित उपभोक्ता समितिले गाउँपालिका स्तरीय खानेपानी व्यवस्थापन समितिसँग समन्वय गरी करार सेवामा नियुक्ति वा व्यवस्थापन गर्न सक्नेछ ।

(३) ¥ कर्मचारीको नियुक्ति तथा सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान तथा निर्णय बमोजिम हुनेछ ।

१७. ¥अनुदान सम्बन्धी व्यवस्था : (१) गाउँपालिकाबाट निर्माण वा सञ्चालनमा ल्याइएका खानेपानी आयोजनाहरू सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई हस्तान्तरण भएपछि समितिको संस्थागत सुदृढीकरण, नियमित सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक देखिएमा गाउँपालिकाले एक पटकका लागि अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

---

¥ पहिलो संशोधनद्वारा थप गरिएको ।

(२) ¥ उपदफा (१) बमोजिम उपलब्ध गराइने अनुदान कर्मचारी व्यवस्थापन, कार्यालय सञ्चालन तथा व्यवस्थापन र अन्य आवश्यक व्यवस्थापकीय कार्यमा खर्च गर्न सकिनेछ ।

(३) ¥ उपदफा (१) बमोजिमको अनुदान रकम, शर्त तथा प्रक्रिया गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(४) ¥ यस दफा बमोजिम अनुदान प्राप्त गर्ने उपभोक्ता समितिले अनुदान खर्चको विवरण तथा प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(५) ¥ यस दफा बमोजिम उपलब्ध गराइने अनुदानलाई स्थायी दायित्वको रूपमा लिइने छैन ।

¥(६) माथी जुनसुकै कुरा लेखिएको भएतापनी हस्तान्तरीत खानेपानी आयोजनाको मर्मत सम्भार तथा आयोजना विस्तारका लागी पुँजिगत बजेट विनियोजन गर्न यस दफाले बाधा पुगेको मानिने छैन ।

१८. संस्थाको सम्पत्ती : (१) संस्थाको चल अचल सम्पतीको रेखदेख सम्बन्धित उपभोक्ता समितिले गर्नुपर्नेछ। समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का गरेमा कानुनी उपचारको लागी सहजिकरण खोजेमा आवश्यक सहजिकरण खानेपानी व्यवस्थापन समितिले गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले न्यायिक निकायमा पुनरावेदन गर्न सक्नेछ ।

१९. हिसाबको विवरण पठाउनु पर्ने : उपभोक्ता समितिले आफ्नो समितिले बार्षिक रुपमा हिसाबको विवरण लेखापरीक्षकको प्रतिवेदन र सामाजिक लेखापरीक्षण सहित प्रत्येक बर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र गाउँपालिकामा पठाउनु पर्नेछ ।

२०. हिसाब जाँच गर्ने : (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफु वा आफुले तोकेको कुनै अधिकृतस्तरको कर्मचारीद्धारा जाँच गराउन सक्नेछ ।

---

¥ पहिलो संशोधनद्धारा थप गरिएको

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गर्दा अनियमितता तथा कैफियत देखिन आएमा सो बारेमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित उपभोक्ता समितिलाई स्पष्टीकरण सोधी क्षतिपूर्ति समेत गराउन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने व्यक्तिले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने कर्मचारीले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

२१. निर्देशन दिने : गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

२२. तालिम : (१) खानेपानी आयोजना निर्माण गर्नुभन्दा पहिला, निर्माणको क्रममा र निर्माण पछिको समयमा उक्त खानेपानी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागी सो संस्थाका पदाधिकारीहरु, कर्मचारी र मर्मत संभार कर्मचारीलाई तालिमको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिम सम्भव भएसम्म सम्बन्धित उपभोक्ता समिति वा संस्थाले आयोजना गर्नुपर्नेछ ।त्यस्तो तालिमको लागी गाउँपालिकासँग अनुरोध गरेमा [¥] गाउँपालिकाले तालिमका लागी प्रशिक्षक लगायतको अन्य व्यवस्थापन गर्न सक्नेछ ।

२३. दण्ड सजाय : दफा ७ बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले प्रचलित कानूनमा भएको व्यवस्था अनुसार जरिवाना गर्न सक्नेछ ।

२४. नियम बनाउने अधिकारः यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यकता अनुसार नियम बनाउन सक्नेछ ।

२५. संशोधन तथा खारेजी : (१) कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

---

[¥] पहिलो संशोधनद्वारा थप गरिएको ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम कार्यविधिमा थपघट हेरफेर वा संशोधन गरेको विषयको सूचना सर्वसाधारणको जानकारीको लागी प्रकाशन गर्नुपर्नेछ ।

(३) बान्नीगढी जयगढ गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८ खारेजी गरिएको छ ।

## अनुसूची-१

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## निवेदन पत्रको ढाँचा

श्री अध्यक्ष ज्यू,
बान्नीगढी जयगढ गाउँपालिका
खानेपानी व्यवस्थापन समिति
जयगढ,अछाम ।

विषय : खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्बन्धमा।

प्रस्तुत विषय सम्बन्धमा हामीले ................................................................. उपभोक्ता समिति / संस्था गठन गरी दर्ता गर्न चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२ बमोजिम उपभोक्ता संस्था /समिति दर्ता गर्न देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समिति / संस्थाको एक प्रति विधान सहित यो निवदेन पेश गरेको छु / छौं ।

विवरणः

१. उपभोक्ता समिति /संस्थाको नाम र ठेगानाः

२. कार्यक्षेत्रः

३. उद्देश्यः

४. सदस्यहरुको नाम, ठेगाना र पेशाः

(क)
(ख)
(ग)
(घ)
(ङ)
(च)
(छ)
(ज)
(झ)
(ञ)

(ट)

५. उपयोग गरिने जलस्रोतको विवरणः

(क) जलस्रोतका नाम र रहेको ठाउँः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता समिति / संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता समिति /संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुर्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको सख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

<u>निवेदक</u>

उपभोक्ता समिति / संस्थाको तर्फबाट निवेदकको

हस्ताक्षरः

नामः

पदः

मितिः

अनुसूची-२

(दफा ७ को उपदफा (३) र उपदफा (५) तथा दफा ९ सँग सम्बन्धित)

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ,अछाम

उपभोक्ता संस्था/समिति दर्ता प्रमाण पत्र

दर्ता नम्बरः                                                    दर्ता मितिः

श्री ...................................................

......................................................।

विषयः संस्था/समिति दर्ता सम्बन्धमा।

तपाईले यस गाउँपालिकाको कार्यालयमा पेश गरेको निवेदन माथी कार्वाही गर्दा बान्नीगढी जयगढ गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३ को दफा ७ को उपदफा (३) बमोजिम गाउँपालिकास्तरीय खानेपानी व्यवस्थापन समितिको मिति ............................... गतेको निर्णयानुसार तपसिलको विवरणमा उल्लेख भए बमोजिम खानेपानी उपभोक्ता समिति/संस्था दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ।

यस बान्नीगढी जयगढ गाउँपालिकाको खानेपानी सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि,२०८३ बमोजिम आफ्नो कार्यसञ्चालन गर्नुहुनेछ भन्ने विश्वास लिईएको छ।

प्रमाणित गर्नेको

हस्ताक्षरः

नामथरः

पदः

मितिः

तपसिलः

मुहानको नामः

मुहानको चार किल्लाको विवरणः

क) पूर्वः
ग) उत्तरः

ख) पश्चिमः
घ) दक्षिणः

उपभोक्ता समितिको छाप

कार्यालयको छाप

उपभोक्ता समिति/संस्था नविकरण सम्बन्धी विवरण

(१) उपभोक्ता समितिले म्याद समाप्त भएको मितिबाट नब्बे दिन भित्र रु. ५००।०० बुझाई नविकरण गर्न सक्नेछ ।

(२) नब्बे दिन म्याद नाघेको एक महिना भित्र नविकरण भएमा थप रु. १००।०० तिर्नुपर्नेछ ।

(३) नब्बे दिन म्याद नाघेको दुई महिना देखि छ महिना सम्म नविकरण गरेमा थप रु. २००।०० तिर्नुपर्नेछ ।

(४) म्याद नाघेको छ महिना देखि एक वर्ष सम्म नविकरण गरेमा थप रु. ३००।०० तिर्नुपर्नेछ ।

(५) एक वर्ष भन्दा बढि समयसम्म पनि नविकरण नगरेमा समिति/संस्था स्वतः खारेज हुनेछ ।

| नविकरण मिति | नविकरणको अवधि | | नविकरण दस्तुर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले

झनक रेग्मी

नि.प्रमुख प्रशासकीय अधिकृत